# प्रजातान्त्रिक अभ्यासका विविध रूप



भट्टराई बन्धु

**वडामै गुटगत हस्तक्षेपबाट नेतृत्व चयन हुँदा विवाद चर्किँदा स्वच्छ-स्वस्थ्य प्रजातान्त्रिक अभ्यास बिथोलियो । जिम्मेवार तहबाटै गम्भीर आरोपका साथ पुनर्निर्वाचनका लागि गरिएको मागले नकारात्मक सन्देश प्रवाह हुनपुग्यो । फलतः गाउँपालिका/नगरपालिकाका पूर्वनिर्धारित अधिवेशन प्रभावित हुन पुगे ।**

पटक-पटक समय तोकेर पनि नेपाली कांग्रेसको चौधौं अधिवेशन टर्दै एनकेन तल्लो निकाय वडा र गाउँ/नगर/महानगरपालिकाका अधिवेशनकाहरू सम्पन्न भएका छन् । कम्युनिष्ट पार्टीका महत्त्वाकांक्षी, चटपटे, सस्ता अलमलाउने नाराका पछि लाग्दा भोग्नुपरेको कहरबाट आहत चहराइरहेका घाउहरूमा मल्हमपट्टी लगाउनेमात्र होइन यो अराजक-अस्थिरावस्थाबाट सुरक्षित अवतरण गराउने जिम्मेवारी बोकेको नेपाली कांग्रेसको चौधौं अधिवेशनप्रति राष्ट्रिय-अन्तर्राष्ट्रिय चासो बढेको छ ।

राज्य सञ्चालनमा नेपाली कांग्रेसको अपरिहार्यता आजको सर्वस्वीकार्य यथार्थता बनेको समयमा हुन गइरहेको अधिवेशनमा नयाँपुस्ताको उल्लेख्यौं आकर्षक सहभागिताले यसको महनीयता पुष्टि भएको छ । नेपाली कांग्रेसले आमजनभावना र मुलुकको अवश्यकताप्रति गम्भीर बन्नसक्यो भने राष्ट्रले कम्युनिष्ट फोवियाबाट छुट्कारा पाउने सम्भावना बलियो हुनेमा प्रजातान्त्रिक शक्ति आश्वस्त हुन खोजेको छ ।

तर, नेपाली कांग्रेस पार्टीका तल्लो निकायका अधिवेशनहरू सहज-स्वाभाविक ढंगले सम्पादन हुन सकेनन् । गुटउपगुटका गतिविधिबाट पार्टी संक्रमित र छरपष्ट भएको छ । जनतान्त्रिक शक्तिको आधारस्तम्भ मानिने ग्रामीण निकायका अधिवेशनको प्रस्तुति मुलुकको स्थितिप्रति बेखबर देखिनु सुखद् होइन । नेपाली कांग्रेसले तेह्रौं अधिवेशनमा पारित गरेका संकल्प र वाचाहरू अधुरै छोडेर एनकेन सम्पन्न भएका ती गाउँ/नगर/महानगरपालिकाका अधिवेशन पनि उत्साहप्रद देखिएनन् । खोपामा थन्काइएका पार्टी आदर्श, सिद्धान्त र नीतिहरूप्रति सांगठनिक संरचना अछुत राखेर पदीय भागबण्डा र आफ्नो गुटका मानिस थन्क्याउने अवसर जस्तो देखियो-अधिवेशन ।

वडामै गुटगत हस्तक्षेपबाट नेतृत्व चयन हुँदा विवाद चर्किंदा स्वच्छ-स्वस्थ्य प्रजातान्त्रिक अभ्यास बिथोलियो । जिम्मेवार तहबाटै गम्भीर आरोपका साथ पुनर्निर्वाचनका लागि गरिएको मागले नकारात्मक सन्देश प्रवाह हुन पुग्यो । फलत: गाउँपालिका/नगरपालिकाका पूर्वनिर्धारित अधिवेशन प्रभावित हुन पुगे । कांग्रेसको अन्तर्यबोध गरेका सचेष्ट कांग्रेसजनको बाहुल्य भएका केही ठाउँमा भने गुटउपगुटका तिकडम चिर्दै सर्वसम्मतिका सुखद् नतिजाहरू पनि देखिए ।

सहमति, सहकार्य र एकताको नाउँमा कम्युनिष्टको हालीमुहाली हुन थालेपछि पार्टीभित्र नसोचिएका समस्या र चुनौती देखापरेका छन् । प्रजातन्त्र र राष्ट्रियताको जग-स्थानीय निकायहरूमा सैद्धान्तिक बहस, समसामयिक राजनीतिक गतिविधि र समस्याहरूको समीक्षा तथा छलफल गर्ने गरेको देखिएन । बिमति र समाजका जल्दाबल्दा समस्याबाट अरूलाई दोष थुपारिदिएर पन्छिने प्रवृत्ति कांग्रेसमा हावी भए छ । आम कांग्रेसजनमा उकुसमुकुस र दुविधा नपत्याउने गरी बढेको छ । यस्तै अवस्थामा चारतारे झण्डामुनि बीपीको तस्वीर राखेर वडा र गाउँ/नगर/महानगरपालिकामा अधिवेशन सम्पन्न भएका छन् । राजनीतिक-आर्थिक-सामाजिक-सांस्कृतिक विषय थाती राखेर पदीय समायोजन र बाँडफाँडका मुद्दा प्रमुख बनाइएका छन् । चारतारे झण्डा र बीपीको फोटो राख्ने चलनलाई निरन्तरता दिनुबाहेक यी अधिवेशनबाट कुनै नवीन सन्देश प्रस्फुटित हुन सकेको पाइएन ।

स्थानीय निकाय जनतासँग प्रत्यक्ष सरोकार राख्ने प्रजातान्त्रिक संस्थाहरू हुन् । राष्ट्रियताको मूल र अन्तिम तत्व यिनै हुन् । यिनै जनतान्त्रिक संस्थालाई बीपीले राष्ट्रियता र मेलमिलापको आत्मा भन्नुभएको थियो र छ । यस अर्थमा उहाँको फोटो राख्नुको अन्तर्य प्रतीकात्मक छ, समीचीन पनि । संविधानसभाबाट निर्मित संवैधानिक संरचनामा प्रजातान्त्रिक पद्धतिको व्यवस्था भए पनि व्यवहारत: आत्मारहितका अभ्यासले जनतान्त्रिक संस्थाहरूको औचित्य प्रयोगहीन प्रतीत हुन थालेको छ । जनतान्त्रिक संस्थाहरू कमजोर बनेका छन् । जनाकांक्षा र अभिमतलाई नजर अन्दाज गर्ने साढे तीन वर्षे कार्यकालका उग्रवाम वा दक्षिणपन्थका गतिविधि क्रमिक रूपले प्रत्युत्पादक देखापर्न थालेका छन् । नेपाली कांग्रेस विगतमा जस्तो निर्णायक सामर्थ्यका साथ प्रस्तुत हुन नसक्दा मुलुकले सास्ती भोग्नु परेको छ । यी र यस्तै गतिविधिले आजको अवस्था उत्पन्न भएको कुरा हामी लुकाउन सक्दैनौं । प्रजातन्त्र, राष्ट्रियता र जनतान्त्रिक संस्थाहरूको श्रीवृद्धिका लागि प्रतिकूल स्थितिमा नेपाली कांग्रेसका स्थानीय अधिवेशन प्रभावित हुने भए, भएकै छन् ।

विधि-विधान र पद्धति मिच्नु बहादुरी सम्झने उग्रवाम वा दक्षिणपन्थीहरूका गतिविधि विश्वव्यापी प्रजातान्त्रिक अभ्यासमा हैकमवादी सावित भएका छन् । उनीहरूका लागि नम्बर एक दुश्मन भनेको प्रजातान्त्रिक शक्ति हो भन्ने कुरा हाम्रै कम्युनिष्ट पार्टीका घोषणापत्र पढेका जो कोहीले बुझ्न सक्छन् । संविधानसभाबाट संविधान माग्ने कम्युनिष्टको क्रियाकलाप र संविधान निर्माणताका देखिएका हरकतहरू प्रजातान्त्रिक मान्यताका खिलाफ थिए । संविधान जारी भएपछिका गतिविधिले धरातलीय यथार्थतालाई कुल्चिनु, देशको मौलिक चरित्र नष्ट गर्न यो शक्ति उद्यत् रहेछ भन्ने देखिएकै हो । दुई-दुई पटक संविधानसभाको चुनाव गराएर मुलुकलाई विश्वसामु झुकाउन खोज्ने यही तत्व थियो । नेपाली कांग्रेसलाई माटोमा मिलाइदिने धृष्टता पटक-पटक भएकै हो । नेपाली कांग्रेसले कालकुट विष सेवन गरेरै भए पनि राष्ट्र र जनताको शीर निहुराउने काम हुनबाट जोगाएको छ ।

सार्वभौम स्वतन्त्रता र जनाधिकार जोगाउन उच्चतम महत्त्व दियो । संक्रमणकालीन परिस्थितिमा कम्युनिष्टहरूसित सहकार्य गर्‍यो । उग्रवामपन्थी धार प्रजातन्त्र र प्रजातान्त्रिक संस्थाहरूको विकासप्रति इमानदार रहेन । प्रजातन्त्रको उनीहरूको पुरानो बुर्जुवा सोच बदलिएन । हामी कहाँ प्रजातन्त्रमा लाग्ने गरेका ग्रहणहरूको प्रमुख कारण नै यही कारक हो । उनीहरूको साढे तीन वर्षे हैकमवादले गाउँको विकासमा पुर्‍याएको क्षति, नैतिक ह्रास, गैरजिम्मेवारीपन र सत्ताको चरम दुरुपयोगले निम्त्याएका अनेकौं विकृति र त्यसले सिर्जना गरेका भीमकाय समस्या उपर जनतान्त्रिक संस्थाका अधिवेशनहरूमा कसैको ध्यान पुग्न सकेन । जनमतको चरम दुरुपयोग भएको र राष्ट्रदोहनको आधार बनेका ती राष्ट्रिय विपदहरू यी अधिवेशनमा गौण रहे, सामान्य रहे । जिमेवार तह बेखबर जस्तै रह्यो ।

राष्ट्र-राष्ट्रियता र जनतन्त्रको जग मानिएका गाउँ-नगर/महानगरहरूमा पद र कुर्सीका लागि हानाथापमै सीमित रहे । धनीमानीहरू, एनजिओ/आइएनजिओकर्मीको चुरीफुरीले पार्टीभित्र प्रश्रय पायो । पार्टी अफिस बनाइदिने, फर्निचर-दराज आदि किनिदिने आश्वासनले दशकौंदेखि राष्ट्र र जनताको सेवामा समर्पित कांग्रेसजनलाई क्षुब्ध बनायो । नैराश्य बढाउने र मनोबल गिराउने काम भयो । प्रजातन्त्रको उज्ज्वल भविष्य धूमिल हुने त होइन भन्ने चिन्तामा आम कांग्रेसजन छट्पटिए । यस्तो परिस्थितिमा स्थानीय तहका अधिवेशन सम्पन्न भएका छन् ।

> पहिलो पल्ट पार्टी कार्यक्रममा सहभागी हुने तरुणहरू मनोकांक्षा पूरा नहुँदा तत्क्षण क्रियाशील सदस्यता च्यातिदिने/अर्को पार्टीमा ज्वाइन गर्ने चुनौती स्थानीय अधिवेशनहरूले व्यहोर्नुपरेको छ । अस्वाभाविक लाग्ने यस्ता प्रवृत्ति नितान्त आन्तरिक गुटबन्दीका परिणाम हुन् ।

विश्वका प्रजातान्तिक मुलुकका राजनीतिक दलहरूको विधान, अन्तर पार्टी नेतृत्व चयनको शृंखला र प्रजातान्त्रिक अभ्यासका दृष्टिले अब्बल, विशिष्ट र अतुलनीय रहँदै आएको नेपाली कांग्रेस पार्टीको विधानले निर्दिष्ट गरेको सुगमबाटो यस पटक निकै गिजोलियो । पार्टीभित्र विकसित गुटबन्दी र खिचातानीको प्रभावले विधि र विधानको मर्म धरापमा पुगेको अनुभूत गरियो । घाउमा नुन-चुक छर्ने काम पर्दाभित्रबाट पार्टीका खेलाडीले कार्यकर्ता उक्साउने, भड्काउने काम गरे । जनतन्त्रको सुदृढ जग, वडादेखि केन्द्रसम्मका, सैद्धान्तिक निष्ठाको राजनीतिक गर्ने सदाचारी कार्यकर्ता अधरमा लट्किएका छन् । नेपाली कांग्रेस जस्तो गौरवशाली प्रजातान्त्रिक पार्टीका लागि यो ठूलो चुनौती हो ।

छ चरण पार गर्दै नेतृत्व चयनको आधार खडा गरेको सुस्पष्ट व्यवस्थाका लागि अग्रणी यो गौरवाशाली पार्टीको पिँधका अधिवेशनप्रति छर-छिमेक र वरपरका इष्ट-मित्रहरूको चासो रहने नै भयो । यी अधिवेशनहरूले निर्दिष्ट गरेका प्रजातान्त्रिक परिपाटीभित्र रहेर स्थानीयस्तरका यावत् समस्याहरू केलाउँदै आसन्न चुनावलाई समेत मध्यनजर गर्दै ती सबैको दायित्वबोध गर्नसक्ने काबिल नेतृत्व चयन गर्नुपर्ने हो । केही गाउँ/नगर/महानगरपालिकामा आफ्ना समस्या केलाएर जिम्मेवारीबोध गर्ने प्रयाश भएका पनि होलान् तर प्रक्रियागत रूपमा धेरैजसो ठाउँमा फितलो, सतही र जनसमुदायको पीडालाई सम्बोधन गर्न नसक्ने अवस्था पनि रहेको कांग्रेसवृत्तकै गुनासो छ ।

कतिपय ठाउँमा सर्वसम्मतिको वातावरण बनिरहँदा टेलिफोनको भरमा यो गुट त्यो गुटको रंग दिएर विथोलिएका प्रसंग भेटिएका छन् । गुटबन्दीको अँध्यारो कोठाले निर्देशित वा प्रभावित भएर नेतृत्व चयनमा जटिलता थपिएका छन् । पार्टीको आदर्श, सिद्धान्त र नीतिको अनुशीलन गर्ने, त्यसैबाट लामो राजनीतिक यात्रा तय गरेका इमानदार कंग्रेसजनहरू ओझेलमा परेका छन् । अहिलेसम्म देखिएका केही स्थानीय तहका अधिवेशन जनभावना र समाजमा व्याप्त समस्या समाधानका दिशामा केन्द्रित हुन सकेका छैनन् । यस्ता गतिविधिले मानिसमा पार्टीप्रतिको भरोषा धुमिल गराएको छ । यसउपर जवाफदेही हुने को ?

खुला र स्वतन्त्र समाजमा यस्ता गतिविधिबारे खुलेर चर्चा हुनु स्वाभाविक हो । गुटबन्दीले स्थापित गरेको नेतृत्वबाट जनताको मन छुने गरी कांग्रेसको सन्देश प्रवाहित हुन सक्ला भन्ने अपेक्षा राख्नु गुटबन्दीलाई नै प्रोत्साहित गर्नु हो भन्ने लाग्छ । नेपाली कंग्रेसको आत्मा भनेको नेपाली जनताको मन हो, भावना र चाहना हो । यसबाट निरपेक्ष रहेर केही अधिवेशन सम्पन्न हुन सक्लान तर पार्टी पद्धतिकै खिलाफ हुने गुटगत दुष्परिणामले यदुबंशी चरित्रको बीजारोपण गर्ने कुरामा सन्देह रहँदैन । जनमानसले यस्ताखाले गतिविधि नियालेको हुन्छ । आसन्न स्थानीय तहको चुनावमा यो असन्तुष्टि सम्हाल्न नसक्ने गरी विष्फोट हुन बेर छैन । यसको जिम्मेवारी कसले लिने ? विधि-प्रक्रिया मिच्नेहरू या निष्ठाको राजनीति गर्नेहरू ? नेतृत्वलाई यी प्रसंगहरू अरुचिकर लाग्न सक्छन् तर यथार्थतालाई लुकाएर वा शक्तिको भरमा थिचेर-मिचेर अगाडि बढ्न खोजे नेपाली कांग्रेसले कोमिन्ताङको परिणति भोग्नुपर्ने हुनसक्छ । यी र यस्तै समस्याको निदान काबिल नेतृत्व चयनले मात्र हुनसक्छ ।

नेपालको प्रजातान्त्रिक मूलधार भनेको नेपाली कांग्रेस पार्टी हो, यो अल्मलिँदा, शिथिल बन्दा राष्ट्र अल्मलिन्छ-राष्ट्रका अंगप्रत्यंग शिथिल हुन्छन् भन्ने कुरा विगत साढे-तीन वर्षको शासकीय प्रहसनले पुष्टि गरिसकेको छ । यो अवधि भनेको प्रजातान्त्रिक परम्पराको जग भत्काउन उद्यत् रहेको समय हो । स्वतन्त्र न्यायालयको मानमर्दन गर्ने, मानवअधिकार र स्वतन्त्रता चीरहरण गर्नेसम्मका धृष्टता भएको काल हो । राजनीतिमा यस्ता खाले गतिविधिले संस्थागत रूपमै प्रश्रय पाउँदा कानुनी राज्यको अवधारणा खण्डित हुँदै वैधानिक बाटो थिचिने-मिचिने, सेवा गर्ने भावनाबाट शासन-प्रशासन विमुख हुने, सत्तामा पुगेपछि दलका क्याडरहरूसमेत संविधान र कानुन भन्दामाथि भएको दम्भ गर्ने, तटस्थता र निष्पक्षताको न्यूनतम सीमारेखा तोडेर पार्टीपंक्तिको लालच पूर्ति गर्न अनेक काइते तानाबाना बुनेर राष्ट्र दोहन र लुटको शृंखला घनिभूत भएको समय हो-ओलीकाल ।

राजनीतिक टिप्पणीकारको दृष्टिमा यस्तो कामले असफल राष्ट्रको दर्जामा पुर्‍याउँछ । यस्तो अवस्थामा परिस्थितिले नेपाली कांग्रेसलाई राज्य सञ्चालनको जिम्मेवारी सुपेको छ । गाउँ/नगर/महानगरपालिकाका अधिवेशनमा किन्चित संवेदनशील भई वस्तुस्थितिको लेखाजोखा गरिएन । यस्ता चलनचल्तीले स्थानीय निकायलाई जिमेवार बनाउन सक्ला ?

हाम्रो प्रजातन्त्रमा गम्भीर, उत्तरदायी र सबल प्रजातान्त्रिक प्रतिपक्षको विकास हुन नसक्नु नेपाली कांग्रेसमात्र होइन देशकै दुर्भाग्य हो । कहिले प्रगतिवाद, कहिले जनवाद, कहिले क्रान्तिकारी कम्युनिष्ट र कहिले एमाले-माओवादी आदि इत्यादिको नाममा मुलुक रुमलियो । उनीहरूको उच्चतम मान्यता भनेको देशको मौलिक तथा परम्परागत मान्यता ध्वस्त गरी भौतिकवादी र अर्थवादी सिद्धान्तको स्वप्निल आदर्श राज्य स्थापना गर्नु हो । मानिसको स्वभाव, जीवनशैली, रहनसहन र स्वतन्त्र चिन्तन प्रक्रियालाई बन्धक बनाउने हैकमवाद लड्ने यस्तो कथित राज्य प्रजातन्त्रको विकल्प कदापि बन्न सक्दैन । यस्तो प्रकल्पना सुन्दर दर्शन त होला तर शासन पद्धति अहिलेसम्म कहीं पनि प्रमाणित हुन सकेको छैन । यस्तो स्वप्नील भाउतोमा विश्वमा करोडौं मानिसको ज्यान गएको छ । हामीकहाँ पनि हजारौं मनिसले ज्यान गुमाउनुपरेको छ । मुलुकमा अर्बौं मूल्यका विकासका पूर्वाधार ध्वस्त भएका छन् । सामाजिक विद्वेष र कलहको बीजारोपण भएको छ । आपसी मेलमिलाप र एकताको सौहाद्रपूर्ण समन्वयात्मक वातावरण बिथोलिएको छ ।

अस्थिरता र अराजक प्रवृत्तिले प्रश्रय पाएको छ । आर्थिक विकासको दृष्टिले पचास वर्षपछाडि धकेलिएको छ । अराजकता, अस्थिरता, निरन्तर गरिबी, भोकमरी तथा अभावको ताण्डव, बेरोजगारीको चरम अवस्था सिर्जना गरी राहत र सहयोगको नाउँमा स्थापित हुन् खोजेको साम्यवादी सोचले मानिसलाई पराश्रित-परावलम्बी बनाएको छ ।

धर्म र आत्मदृष्टिलाई अमान्य र अग्राह्य मान्ने मार्क्सवादी सिद्धान्तका अनुचर कम्युनिष्टसित सहकार्य गर्नुपर्ने विडम्बनाबाट नेपाली कांग्रेस अभिशप्त छ । कांग्रेसभित्रको गुटगत राजनीतिले यस्तो बन्धनमा फसाएको हो । जिम्मेवार तहमा यस्तो चेत देखिएन । अहिलेको निरस, नमीठो र पट्यार लाग्दो स्थितिप्रति नेपाली कांग्रेसको भूमिका कस्तो हुनुपर्ने हो ? प्रश्न सधैं निरुत्तर रहन गरेको छ । स्थानीय तहबाट यस्तो अपेक्षा राख्नु सम्भवत: शोभनीय नहोला । त्यस्तै देखियो पनि । प्रजातान्त्रिक मान्यता र मूल्यको मूलस्रोत इतिहास हो । मुलुकको प्रगति, आममानिसको बेहत्तर जीवनस्तरका लागि इतिहासबाट सिक्दा ऊर्जा प्राप्त हुन् सक्थ्यो । इन्धनको काम गर्न सक्थ्यो । इतिहासको बेवास्ताले समाज गतिहीन बनाएका दृष्टान्त छन् । इतिहासको क्रमलाई जीवन्त राख्नसक्ने शक्ति प्रजातान्त्रिक संस्थामा मात्रै जीवन्त रहन सक्छ । नेपालको सन्दर्भमा त्यो शक्ति भनेकै नेपाली कांग्रेस हो । नेपाली कांग्रेस मूलप्रबाहबाट च्यूत गराइँदा/हुँदा इतिहास र परम्पराको जीवन्त शृंखला अवरुद्ध भएको इतिहास साक्षी छ । यस्तो स्पन्दनहीन इतिहासको प्राण बचाउँन नेपाली कांग्रेसले अतुलनीय कुर्वानी गर्नुपरेको छ ।

यो शताब्दीकै इतिहास केलाउने हो भने पनि प्रजातन्त्रको यो ढुकढुकी बचाउने अभिभारा समयले पटक-पटक नेपाली कांग्रेसलाई सुम्पेको छ । यो जटिल तर औधि महत्त्वपूर्ण जिम्मेवारी बहन गर्दा जब-जब नेपाली कांग्रेस एकताबद्ध छ, त्यसले सार्थक परिणति हासिल गरेकै छ । इतिहासको मर्मप्रति जिम्मेवार तह अनुत्तरदायी देखिएको समयमा चौधौं अधिवेशन हुन गइरहेको छ । जनतन्त्रको मुहान मानिने वडा गाउँ, नगर, महानगर अधिवेशनबाट जनमानस र आम कांग्रेसजनमा नयाँ ऊर्जा थप्नुपर्ने हो, समाजलाई जुरुक उठाउन सक्ने सन्देश प्रवाहित हुनुपर्ने हो । व्यवहारमा त्यस्तो पाइएको छैन । स्थानीयस्तरमा यी अधिवेशनको नतिजाले कांग्रेसभित्र देखिएको विवाद झनै गहिरिने हो कि भन्ने पाका कांग्रेसमनहरू सशंकित देखिन्छन् ।

क्रान्तिकारी गौरवगाथा र क्रान्ति पुरुषहरूको सम्झनाले मात्र समाजका अंग-प्रत्यंगलाई चलायमान गराउँन सक्दैन । खोपामा थन्काइएको नेपाली कांग्रेसको नीति, कार्यक्रम र घोषणापत्रमा गरिएको संकल्प अधिवेशनको बेलामा फुकाएर कुनै अर्थ दिन सक्दैन । क्रियाशील सदृश्यहरूलाई नेपाली कांग्रेसको शिक्षा-दिक्षाबाट अलग्याएर आफ्नो संकीर्ण स्वार्थ पूर्तिका लागि प्रारम्भमै प्रयोग गर्न खोजिँदा पार्टीको आन्तरिक द्वन्द्व नराम्ररी छताछुल्ल भयो ।

यथार्थतालाई बेवास्ता गर्दा विवादले राष्ट्र नै गिजोलिन पुग्यो । वाचाल कांग्रेसीमनहरू लज्जाबोधले पनि-पनि भएका छन् । जब-जब अधिवेशन आउँछ क्रियाशील सदस्यको पोको फुकाउँछ । जिम्मेवारी तह पद-प्रतिष्ठा र सत्तामा निर्लिप्त प्रतीत हुन्छ । राष्ट्रप्रति चिन्तित प्रजतान्त्रवादीले कतै आँखा चिम्लेर विष सेवन गर्ने स्थिति त सिर्जना हुँदै छैन ? पटक-पटक तिथि-मिति तोकेर स्थगित गरिएका क्षेत्रीय, जिल्लास्तरीय, प्रादेशिक तथा केन्द्रीय अधिवेशन यथा समयमा सम्पन्न गराउन नसक्नु कसको कमजोरी हो ? प्रजातन्त्रको माला जपेर आफ्नै पार्टीभित्रको वैधानिकता थाम्न मुस्किल भएको नेपाली कांग्रेसले मुलुकमा प्रजातन्त्र बचाउन सक्ला ? स्थानीयस्तरका अधिवेशनमा पद पाउन नसकेका कंग्रेसजन यत्रतत्र उद्वेलित देखिएका छन् । यो गम्भीर विषय हो । निर्वाचनमा हुने गरेका अन्तरघाती गतिविधि यस्तै प्रवृत्तिका उपज हुन् ।

नेपाली कांग्रेस पार्टीप्रति आममानिसको अपरिमित विश्वास र भरोसा छ । कांग्रेसरहितको राज्ययन्त्र निरर्थक देखिँदा नयाँ पुस्ता कांग्रेस हाक्न जुर्मुरिएको छ । यो उज्ज्वल भविष्यको परिचायक पनि हो । स्वयं बीपी भन्ने गर्नुहुन्थ्यो, 'तरुण सुत्दा, राष्ट्र सुत्छ । तरुण उठ्दा, तरुणको जोसिलो, कहिल्यै नथाक्ने स्वरले राष्ट्र जुरुक्क उठ्छ ।' अहिले तरुण उठेको परिस्थिति छ । त्यसको संयोजन पार्टीले गर्न सक्नुपर्छ । त्यसो हुन नसक्दा तन्नेरी जोसले होस् गुमाउन बेर लाग्दैन । त्यो अनियन्त्रित स्थिति विष्फोटक पनि हुनसक्छ ।

पहिलो पल्ट पार्टी कार्यक्रममा सहभागी हुने तरुणहरू मनोकांक्षा पूरा नहुँदा तत्क्षण क्रियाशील सदस्यता च्यातिदिने/अर्को पार्टीमा ज्वाइन गर्ने चुनौती स्थानीय अधिवेशनले व्यहोर्नु परेको छ । अस्वाभाविक लाग्ने यस्ता प्रवृत्ति नितान्त आन्तरिक गुटबन्दीका परिणाम हुन् । स्वस्थ्य प्रतिस्पर्धालाई गुटउपगुटले आत्मसात गरेको देखिएन । राम्रो, काबिल होइन आफ्नो मान्छे रोज्ने खोक्रो गुटबन्दीले पार्टी संरचना ग्रस्त छ । यसप्रति कोही संवेदनशील भएको देखिएन । नेपाली कांग्रेसलाई जीवन्त पार्टी बनाउन जिल्ला, प्रदेश र केन्द्रीय तहका अधिवेशनहरू सफल हुन सकेमा मात्रै पार्टीले गति लिन सक्छ, प्रजातन्त्र बच्न सक्छ, रष्ट्रिय अस्मिता अक्षुण्ण रहन सक्छ ।

ooo

## साढे तीन हजार परीक्षार्थी लाइसेन्स परीक्षाको पर्खाइमा

डम्मर बुढा मगर/हिटा

**बागलुङ, ३ कात्तिक**

कोरोनाको दोस्रो लहरअघि धौलागिरि यातायात व्यवस्था कार्यालय बागलुङमा दुईपांग्रे सवारी चालक अनुमति पत्रका लागि तीन हजार पाँच सयजनाको आवेदन परेको थियो । जारी निषेधाज्ञाका कारण आवेदन स्विकृत भएर रोकिएका आवेदकहरूको परीक्षा बल्ल सञ्चालन गर्न थालिएको छ ।

यातायात व्यवस्था कार्यालयलाई आवेदनको परीक्षा लिन अहिले हम्मेहम्मे परिरहेको छ । कोरोनाका कारण लाइसेन्सको लिखित र ट्रायल परीक्षा लिन नसक्दा अनलाइनमार्फत् स्विकृत भएका आवेदन, कार्यालयमा सम्पर्क गर्न नआएको, डिजिटल फोटो खिच्न नपाएका र लिखित परीक्षा पास भएर ट्रायल परीक्षा दिन नपाएका तीन हजार ५ सय परीक्षार्थी रहेको धौलागिरि यातायात व्यवस्था कार्यालय बागलुङका सवारी चालक अनुमति पत्र शाखाका प्रमुख श्यामकुमार थापाले बताउनुभयो ।

'कोरोनाको दोस्रो लहरपछि ठप्प रहेको सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन गर्न थालेका छौं, अहिले नयाँ आवेदक र कोरोनाअघिका तीन हजार बढी आवेदकलाई लिखित तथा ट्रायल पास गराउनका लागि कार्यालयलाई सकससमेत भएको छ,' थापाले भन्नुभयो, 'कार्यालयले योजना बनाएर पुराना आवेदकहरूलाई छिट्टै परीक्षामा समावेश गराउने गरी लागिएको छ ।'

यातायात व्यवस्था कार्यालयमा कोरोनापछि असोज १५ गतेमात्रै २२० जनाले सवारी चालक अनुमति पत्रको ट्रायल परीक्षा दिएका थिए । धौलागिरि यातायात व्यवस्था कार्यालय बागलुङले दुईपांग्रे सवारी चालक अनुमति पत्रको परीक्षा पास गर्नासाथ परीक्षणकालीन लाइसेन्स प्रमाणपत्र दिनसमेत थालेको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Central Level Project Implementation Unit (Building and Housing)
Babarmahal, Kathmandu

**LETTER OF INTENT (LOI)**

*First Date of Publication: 21st October, 2021*

This is to notify to all the concerned bidders that M/S Bishdharee Suppliers, Kathmandu is intended to award the contract for ***Supplying of Office Furnitures for National News Agency Building at Singhadurbar, Kathmandu (Contract Id No.: NRA/CLPIU/2077-78/NCB - 01)*** as per their bid price of Nrs. ***6,901,000.00*** (Excluding Vat) which is corrected and modified in accordance with Instruction to Bidders and hereby selected as substantially responsive lowest evaluated bid.

Any inquiries/responses concerning this notice of intent to award should be directed to the Project Director, Central Level Project Implementation Unit (Building and Housing), Babarmahal, Kathmandu, Nepal within 7 days from the date of publication of this notice.

**Deputy Project Director**

**वोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धि सूचना ।**

**प्रकाशित मिति : २०७८।०७।०४**

उपरोक्त सम्वन्धमा नुवाकोट जिल्ला, **किस्पाङ गाउँपालिका**ले विभिन्न निर्माण कार्यहरुको लागि मिति २०७८ भाद्र १८ गते प्रभाव (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको ,तोकिएको समयभित्र (२०७८ असोज १८ सम्म) रितपूर्वक पर्न आएका वोलपत्ररु मध्ये तपशिलमा उल्लेखित वोलपत्रदाताको कवोल अंक सवैभन्दा घटि भएको र उक्त वोलपत्रहरु सारभूत रुपमा प्रभावग्राहि पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१)र २७ (२) प्रयोजनार्थ सम्वन्धित वोलपत्रदाता एवं सवै सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.नं. | ठेक्का नं. | वोलपत्र स्वीकृत हुने फर्मको नाम | ठेक्का अंक (भ्याट समेत) |
|---|---|---|---|
| 1 | 01/Kispang/ Road/078-079 | Himjung Brothers Construction and Suppliers,Kahule-3, Nuwakot | 6,493,835.66 |
| 2 | 02/Kispang/ Road/078-079 | Shuvalaxmi Dragon Nirman Sewa(P) Ltd,Bidur-11,Nuwakot | 4,610,975.08 |
| 3 | 03/Kispang/ Road/078-079 | Shuvalaxmi Dragon Nirman Sewa(P) Ltd,Bidur-11,Nuwakot | 6,020,086.30 |
| 4 | 04/Kispang/Paryatan/078-079 | Santoshi Nirman Sewa,Bidur-5, Nuwakot | 8,095,948.89 |
| 5 | 05/Kispang/ WSS/078-079 | Himjung Brothers Construction and Suppliers,Kahule-3,Nuwakot | 3,158,671.04 |

**प्रमुख प्रशासकीय अधिकृत**

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मैजुहिटी काठमाडौं ।

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०७८/०७/०४**

यस कार्यालयबाट निम्न ठेक्काहरुको लागि मिति २०७८/०५/२९ को हिमालय टाइम्स राष्ट्रिय दैनिक र यस कार्यालयको वेबसाइट: **http://www.tokhamun.gov.np/** मा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सूचना अनुसार तपशिलको कार्यको लागि सफल निम्न दरभाउपत्रहरु न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | बिवरण | दरभाउपत्रदाताको नाम | कबोल अंक (VAT बाहेकरु.) |
|---|---|---|---|
| 10/SQ/TM/W/2078-79 | जेष्ठ नागरिक बिश्राम स्थल निर्माण वडा -०७ | Yadu Laxmi Construction P. Ltd. | ९,४५,९०५/८० |
| 11/SQ/TM/W/2078-79 | पि.एच.सि. मा अक्सिजन प्लान्ट निर्माण वडा-०२ | Freeman Bussiness P. Ltd., Kathmandu | १४,९३,९०३/७१ |

CMYK